"पाँचखाल नगर - कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं: ०११-४९९२६७
Fax No.: 011-499267

visit Nepal 2020

प.सं./FY: ०७६/०७७, 076/077
च.नं./Ref No.: ३५५६

मिति : २०७७/०२/०१

**विषय : कोराना जोखिम नियन्त्रण सम्बन्धमा सरोकारवालाहरुमा सूचना ।**

नेपालमा कोरोना भाईरसको संक्रमण द्रुत गतिमा फैलिरहेको अवस्थामा यस पाँचखाल नगरक्षेत्र भन्दा बाह्य स्थानहरुबाट यस नगरपालिकाका बिभिन्न उद्योग कलकारखाना, संघ/संस्था, निर्माण आयोजनाहरुमा श्रमिकहरु ल्याई कामकाज गराउने कार्य भइरहेको भन्ने बुझिएको छ । त्यसरी कामकाज गर्दा गराउँदा नेपाल सरकारबाट जारी भएका कोरोना भाइरसबाट जोगिने सम्पूर्ण उपायहरु अवलम्बन गर्नुहुन अनुरोध छ ।

त्यसरी कामकाज लगाउने पक्षले यस नगरपालिकाका स्वास्थ्य संस्थामा सम्पूर्ण श्रमिकको स्वास्थ्य परिक्षण गराउनुहुन र त्यस्ता व्यक्ति अनिवार्य रुपमा self-quarantine मा राख्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ । साथै सम्बन्धित वडा कार्यालयहरुले सो को अभिलेख राख्ने व्यबस्था मिलाउने व्यहोरा अनुरोध गरिन्छ । उक्त व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन पाँचखाल नगरपालिकाबाट दैनिक रुपमा हुनेछ । उल्लेखित बमोजिमको कार्य नगरेको पाईएमा त्यस्ता संघ/संस्था/व्यबसाय/व्यापारीहरुलाई कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत यस नगरपालिकाको कार्यालय जानकारी गराउँदछ ।

नगरपालिका बाहिरबाट यस नगरपालिकामा आउने जोसुकै व्यक्ति कम्तिमा १४ दिन अनिवार्य रुपमा self-quarantine मा बस्नुहुन अनुरोध गरिन्छ ।

२०७७/०२/०१
.........................
(राजेश बन्जारा)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत